# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १३, भाद्र २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि (प्रथम संशोधन) २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

व्यास नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ७ (१) कार्यालयले आ.व. शुरु भएको ३० दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनुपर्नेछ । उपभोक्ता समिति गठन पश्चात् आयोजनाको ड्रइङ्ग, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछको सट्टा कार्यालयले आ.व. शुरु भएको ९० दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनुपर्नेछ । उपभोक्ता समिति गठन पश्चात् आयोजनाको ड्रइङ्ग, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछ भन्ने राखिएको छ ।

२. दफा ११ (१२) शहरी वडामा ३० प्रतिशत र अन्य वडामा २० प्रतिशत न्यूनतम नगद लागत सहभागिता उठाउनु पर्नेछ । नगरपालिकाको श्रोत साधन र आयोजनाको प्रकृति

अनुसार न्यूनतम लागत सहभागितामा नघट्ने गरी लागत सहभागिता बढाबढ गरी आयोजना सञ्चालन गर्न सकिनेछको सट्टा लागत सहभागिता गर्दा वडा नं.१ देखि वडा नं.४ सम्मका शहरी वडाहरुमा लागत सहभागिताका योजनाहरुमा न्यूनत्तम तीस प्रतिशत र अन्यमा बीस प्रतिशत, र वडा नं.५ देखि १४ सम्मका ग्रामिण वडाहरुमा लागत सहभागिताका योजनाहरुमा बीस प्रतिशत र अन्यमा योजनामा न्यूनत्तम १० प्रतिशत रहने छ । तर सार्वजनिक सरोकारका क्षेत्रमा निर्माण कार्य गर्दा नगर कार्यपालिकाको बैठकले नगरपालिका भित्र १० प्रतिशत लागत सहभागिता कायम गर्न सक्नेछ भन्ने राखिएको छ ।

३. दफा ११ (१४) १ लाखसम्मका योजनामा कार्य सम्पन्न भएपछि एकमुष्ट भुक्तानी दिइनेछ भने १ लाख १ देखि ५ लाखसम्मका योजनामा दुई किस्तामा र ५ लाख १ भन्दा माथिक योजनामा तीन किस्तामा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइनेछको सट्टा २ लाखसम्मका योजनामा कार्य सम्पन्न भएपछि एकमुष्ट भुक्तानी दिइनेछ भने २ लाख १ देखि ५ लाखसम्मका योजनामा दुई किस्तामा र ५ लाख १ भन्दा माथिक योजनामा तीन किस्तामा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइनेछ भन्ने राखिएको छ ।

४. दफा ११ (१४) पछि ११ (१५) उपभोक्ता समितिको क्षमताबाट गर्न नसकिने कालोपत्रे गर्ने जस्ता कार्यलाई टेण्डर प्रक्रियाबाट सम्पन्न गरिने छ भन्ने प्रावधान थप गरिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत